# भिमसेनथापा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

खाञ्चोक, गोरखा

गण्डकी प्रदेश, नेपाल

फोन नः ९८५६०१००४५

ईमेलः info@bhimsenmun.gov.np

bhimsenthapagaupalika@gmail.com

website: www.bhimsenmun.gov.np


पत्र संख्या:०७७/०७८

च. नं.

मिति:२०७८/०१/१६

**कोरोना भाइरस रोकथाम तथा नियन्त्रणको लागी भिमसेनथापा गाउँपालिकावासीहरुमा हार्दिक अपिल**

प्रस्तुत विषयमा गोरखा जिल्लाको जिल्लास्तरीय कोभिड-१९ Crisis Management Center को मिति २०७८।०१।१५ गतेको वैठकले देशभित्र नयाँ भेरियन्ट सहितको कोभिड -१९ को संक्रमणको दर बढ्दै गईरहेको सन्दर्भमा गरेको निर्णय तथा भिमसेनथापा गाउँपालिका वडा नं. ७ क्यामुन्टार क्षेत्रमा नयाँ भेरियन्ट सहितको कोभिड -१९ को सङ्क्रमण २९ जनामा देखिएको अवस्थालाई मध्येनजर गर्दै कोरोना भाईरस(कोभिड-१९) को सङ्क्रमण थप फैलन नदिई रोकथाम तथा नियन्त्रण गर्न स्वास्थ सुरक्षाका देहायका मापदण्ड अनिवार्य रुपमा पालना गर्नुहुन भिमसेनथापा गाउँपालिका, गाउँपालिकावासीहरुमा हार्दिक अपिल गर्दछ।

१. अनिवार्य रुपमा मास्क तथा सेनिटाईजरको प्रयोग गर्ने ।
२. सावुन पानीले वारम्वार हात धुने ।
३. समुह वनाई नहिड्ने, भिडभाड नगर्ने, जुवातास नखेल्ने, भौतिक दुरी कायम गर्दै स्वास्थ्य सम्बन्धी सुरक्षा सावधानी अपनाएर मात्र दैनिक क्रियाकलाप संचालन गर्ने ।
४. बजार तथा पसलहरुमा अनिवार्य रुपमा सामाजिक दुरी कायम गर्ने ।
५. विवाह, ब्रतबन्ध, भोज भतेर जस्ता सामाजिक क्रियाकलाप संचालन गर्दा १५ जना भन्दा कम व्यक्तिहरुको उपस्थितीमा गर्ने ।
६. नवाज वाचन, रमजान तथा ईदुल फितरको समयमा भिडभाड नगरी सामाजिक दुरी कायम गर्ने।
७. धार्मिक तथा सांस्कृतिक लगायतका कार्यको लागी भेला नहुने ।
८. मठमन्दिर, खेलमैदान लगायतका सार्वजनिक स्थलमा जम्मा नहुने , भिडभाड नगर्ने।
९. कोभिड -१९ को संक्रमण फैलिएको स्थलहरुमा नजाने ।
१०. ज्वरो, सुख्खा खोकी तथा रुघा लाग्ने जस्ता कोभिड -१९ संग सम्बन्धित लक्षण देखा परेमा घर परिवार र अन्य व्यक्तिहरुबाट आफुलाई Isolate गरी स्वास्थ्यकर्मीलाई खवर गर्ने ।

विजय राज वाग्ले
प्रमुख प्रशासकीय अधिकृत

**विजय राज वाग्ले**
**प्रमुख प्रशासकीय अधिकृत**

Scanned with CamScanner